# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**आ. व.:** २०८१/०८२
**बैठक संख्या :** १९-२०८१/०८२

**मिति :** २०८२/०३/३२
**समय :** बिहानको १०:३० बजेदेखि

---

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

निर्णय १ : कार्यपालिकाको मिति : २०८२/०३/१० गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा ।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो । कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो ।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने ।

प्रस्ताव ४ : करारमा कार्यरत कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा ।

निर्णय ४ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अन्तरगतका वडा कार्यालयहरु, स्वास्थ्य कार्यालयहरु तथा विभिन्न कार्यक्रम र परियोजनाहरुसँग सम्बन्धित कर्मचारीहरुको करारको म्याद मिति :२०८२ पुस मसान्तसम्मका लागि थप गर्ने ।

प्रस्ताव ५ : करारमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक थप गर्ने सम्बन्धमा ।

निर्णय ५ : २०८२ साउन १ गतेबाट लागू हुनेगरी खेलकूद प्रशिक्षक श्री बिर्ख बहादुर र पर्यटन सूचना केन्द्र, जोरकलशमा सूचना अधिकारीका रुपमा कार्यरत श्री गगन घिमिरेको मासिक तलबमा प्रतिव्यक्ति रु. ३,०००।- थप गर्ने ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :* 2082-03-32